आज मिति २०८२।०६।१७ गते प्रमुख जिल्ला अधिकारी श्री वन्धुप्रसाद बास्तोलाज्यूको अध्यक्षतामा जिल्ला सुरक्षा समिति र अन्य सरोकारवालाहरुवीच मनसुनजन्य विपद सम्बन्धमा विशेष आकस्मिक बैठक देहायअनुसारको उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो।

| क.स. | नाम थर | पद | कार्यालय | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री वन्धुप्रसाद बास्तोला | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | श्री रामेश्वर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ३ | श्री अच्युत कुमार मजगैयाँ | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल नं १६ गंण | ९८५१२७२११२ | |
| ४ | श्री मधु कुमार अधिकारी | सेनानी | इन्द्रध्वज गण | ९८४१२८८२३८ | |
| ५ | श्री राजकुमार प्रजापति | अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ९७४६५५३३५८ | |
| ६ | श्री पुरुसोतम कुमार दास | अहेव | चौतारा अस्पताल | ९७४८२६७१६१ | |
| ७ | श्री उजार सिहं तामाङ | उपाध्यक्ष | उद्योग बाणिज्य संघ | ९८५१००९८६९ | |
| ९ | श्री तुलसी प्रसाद दंगाल | | नेपाल रेडक्रस सोसाइटी | ९८४१२६१६५३ | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निर्णयहरु

१) जल तथा मौसम विज्ञान विभागले यहि २०८२ असोज १७ देखी २० गते सम्म सिन्धुपाल्चोक सहित नेपालको धेरै भूभागमा भारी देखी अति भारी सम्म बर्षा हुन सक्ने भनी मौसम बुलेटिन प्रकाशित गरेको हुँदा उक्त अवधिमा बाढी, पहिरो, डुवान, चटयाङ लगायतको उच्च जोखिम हुने हुँदा सो को पूर्वतयारी तथा प्रतिकार्यको लागि देहाय अनुसार गर्ने गराउने ।

- उक्त मौसम सम्बन्धी पूर्वानुमान र राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण द्वारा जारी Advisory को पूर्ण पालनाको लागि व्यापक प्रचारप्रसार गरी जनस्तरसम्म पुर्याउने।
- जिल्ला भित्रका सुरक्षा निकायका सबै युनिट हरुलाई उपलब्ध स्रोत साधन सहित पूर्ण सतर्क अवस्थामा राख्ने।
- असोज १७ गते बाट २० गतेसम्म अरनिको राजमार्ग लगायत जिल्ला भित्रका सबै मूख्य र सहायक राजमार्ग हरुमा रातको ७:०० बजेबाट विहान ५ :०० वजे सम्म सबै प्रकारका सवारी (दमकल एम्बुलेन्स जस्ता अत्यावश्यक वाहेक) साधन संचालनमा रोक लगाउने र यस निर्णयको जिल्लाभर संचार गर्ने सो अवधिभर बर्षाको मात्रा, क्षति र अन्य जोखीमको अवस्था विश्लेशण गरी सुरक्षा निकायले अन्य समयमा पनि राजमार्ग आकस्मिक बन्द गर्न सक्ने।
- नदी किनारा र अत्यन्त जोखीम युक्त स्थानमा बसोबास गर्ने व्यक्तिहरुलाई सुरक्षित स्थानमा अस्थायी रुपमा सार्ने व्यवस्थाको लागि नजिकको सुरक्षा युनिटहरुले स्थानीय तह र अन्य सरोकारवालाहरु सँग समन्वय गर्ने।
- नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय सिन्धुपाल्चोकले आफ्ना सबै शाखा, उपशाखा र सदस्य/स्वयमसेवकहरुलाई पूर्णरुपमा परिचालन गर्ने गराउने। साथै कुनै घटना घट्नासाथ तत्काल उद्धार राहतको लागी तयारी अवस्थामा रहने।
- उद्योग बाणिज्य संघ सिन्धुपाल्चोकले आफ्ना सबै सदस्य, संघ सस्था र इकाईहरुलाई पूर्णरुपमा परिचालन गराउने, तत्काल उद्धार राहतको लागी अत्यावश्यक राहत सामग्री जुटाउन आवश्यक समन्वय गर्ने।
- चौतारा अस्पतालले मौसम जन्य विपदबाट कुनै घटना घट्न पुगेमा तत्काल उद्धार र स्वास्थ्य उपचारको लागि आफ्ना सबै मानवीय र अन्य स्रोत साधन तयारी हालतमा राख्ने।
- जिल्लाभित्र मानवीय सेवामा क्रियाशिल सबै संघ संस्थाहरुलाई मौसमजन्य विपद पूर्वतयारी तथा प्रतिकार्यमा उपलब्ध स्रोत साधनको शिघ्र र एकद्वार मार्फत परिचालन गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने।
- राजमार्ग र सहायक मार्गहरु अवरुद्ध हुनपुगेमा नजिकका सुरक्षा इकाइहरुले सडक डिभिजन ,पूर्वाधार कार्यालय स्थानीय तहहरु र निजी क्षेत्रसँग उपलब्ध हेभी इक्वीपमेन्टहरु तत्काल परिचालन गरी सडक सुचारु हुने व्यवस्था मिलाउने।

- जिल्लामा उपलब्ध दमकल, एम्बुलेन्स र हेभी इक्वीपमेन्टहरुलाई चालक सहित २४ सै घण्टा तयारी अवस्थामा राख्ने व्यवस्थाका लागी सबै संग समन्वय गर्ने।
- विपद्जन्य घटनाको पूर्वतयारी तथा प्रतिकार्यमा स्थानीय तहहरुको सबैभन्दा महत्वपुर्ण भूमिका रहने हुँदा मौसम वुलेटिन र जोखिम सम्बन्धी सूचनाहरुको प्रभावकारी संचार, स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र (LEOC) को पुर्ण परिचालन, नजिकको सुरक्षा युनिटहरुसँग समन्वय, स्थानीय स्वयमसेवकहरु परिचालन र तत्काल उद्धार र राहतका लागी स्रोत साधन सहित पूर्णरुपमा क्रियाशिल हुन सवै स्थानीय तहहरुलाई अनुरोध गर्ने।
- उद्धार राहतको लागी राफ्टिङ बोट, कायाक र सोको Operator हरु आवश्यक परेमा सिन्धु सुकुटे क्षेत्रका राफ्टिङ व्यवसायिहरु सँग समन्वय गरी परिचालन गर्ने व्यवस्था सुरक्षा निकायहरुले मिलाउने।